बाह्रविसे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक ।
आर्थिक वर्ष २०७७।०७८ को  सातौ नगरसभा

# नीति,योजना तथा कार्यक्रम

सम्पूर्ण नगरसभा सदस्यज्यूहरु आज मिति २०७७ साल असार १० गते बुधबारका दिन मुलुक संघीय संरचनामा प्रवेश गरे सँगै आज बाह्रविसे नगरपालिकाले हालको सम्पूर्ण विश्व नै कोभिड-१९( कोरोना भाइरस) महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा सातौ नगरसभा सम्पन्न गर्दै छौं । सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु,

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन आहुती गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनहरुको अगुवा गर्नुहुने अग्रजहरुप्रति समेत उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

कोभिड-१९ महामारीका कारण मानव समुदायमा आज ठुलो संकट पैदा भएको छ । यस कारण विश्वमा लाखौ मानिसहरुले अकालमा ज्यान गुमाउनुका साथै संक्रमणको दर तिव्र गतिमा रहेको छ । नेपालमा पनि संक्रमण दिनानुदिन वढ्दो क्रममा रहेको छ भने ज्यान गुमाउनेको संख्यामा पनि वृद्धि हुँदै गएको छ । यस महामारीबाट संङक्रमित भई नेपाल भित्र र नेपाल बाहिर जीवन गुमाउनुहुने नेपाली नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचारत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

जोखिम परिस्थितिमा समेत अग्रपङ्तिमा रहेर सेवा गर्ने चिकित्सक,नर्स,स्वास्थ्यकर्मी,सुरक्षाकर्मी, सरसफाईकर्मी,एम्वुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र जनप्रतिनीधिहरुप्रति म उच्च प्रशंसा गर्दछु । महामारी जोखिमका कारण सरकारले गरेको लकडानको समयअवधिभर अत्यावश्यक वस्तुहरुको आपूर्ति सहज वनाई सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा व्यवसायिहरुलाई धन्यवाद दिन चाहन्छु । महामारी नियन्त्रण र रोकथामका लागि नेपाल सरकार र बाह्रविसे नगरपालिकाले चालेको कदमहरुलाई पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि यस प्रकारको सहयोगको अपेक्षा गर्दछु ।

नगरपालिकाले सीमित स्रोत साधनका विचमा पहिलो,तेस्रो र पाँचो नगरसभामा प्रस्तुत नीति, योजना तथा कार्यक्रम र बजेटमा उल्लेख भए वमोजिमका कार्यहरु सम्पन्न गर्दै आजको नगरसभा सम्म आइ पुग्दा हामीले जनताहरुलाई सकेसम्म जनजीविकाका कार्यहरु प्रभावकारी रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सम्पन्न गरेका छौं । प्रथम नगरसभाबाट नगरपालिका भित्र काठको पोल मुक्त नगर भनी उल्लेख गरे सँगै नगरपालिकाका सवै वडाहरुमा स्टील पोलको व्यवस्था गरेका छौं । पर्यटकिय पूर्वाधारहरुको निर्माण तथा व्यवस्थापनका कार्यक्रमहरु अगाडी वढाई रहेको छौं ।

शिक्षा विकासमा नगरको उच्च ध्यान केन्द्रित वनाई मन्टेश्वरी कक्षा सञ्चालन तथा व्यवस्थापनका कार्यहरु विद्यालयका भौतिक संरचनाहरु निर्माण तथा व्यवस्थापन, विद्यालय विद्यार्थी

संख्याहरुको आधारमा स्तरोन्नती तथा विद्यालय मर्जका कार्यक्रमहरु स्थलगत अध्ययन तथा निरिक्षण गरि अगाडी वढाई रहेका छौं र यो निरन्तरता रहनेछ । समग्र नगरपालिकाको भौतिक पूर्वाधार निर्माण, सडक सौर्य वत्तीहरु जडान तथा संवेदनशिल बजार क्षेत्र र विद्यालयहरुमा सिसिटिभि जडान गर्ने, नगरपालिका भित्रका कार्यक्रम तथा योजनाहरुलाई प्रदेश तथा संघीय सरकार समक्ष अनुरोध गर्न योजना वैङ्क तयार गरि समन्वय गरिरहेको र योजनाहरु पनि सोहि वमोजिम प्राप्त भई सञ्चालन गरिरहेको कुरा अवगत गराउन चाहन्छु ।

आगामी आ.व.०७७।०७८ को लागि हामी नीति, योजना तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै छौं । भूकम्पको महामारी,वाढी तथा पहिरोले थिलथिलो वनाई नगर विकासमा वामे सर्दै गरेको वर्तमान अवस्थामा पुन विश्व जगतलाई त्रसित तुल्याउने कोभिड-१९ को महामारीको विचमा हामी आज नीति कार्यक्रम र बजेट प्रस्तुत गर्दैछौं । आगामी आ.व.०७७।०७८ मा हामीले चालु आ.व.०७६।०७७ को अधुरा कार्यहरुलाई पुरा गर्ने र केही थप नयाँ योजनाहरु समावेश गरि कार्यान्वनमा लैजाने नीति अख्तियार लिइएको छु ।

०७७।०७८ को बजेटमा कोभिड-१९ लगायतका अन्य विपद जोखिम न्यूनिकरण र रोकथामका लागि विशेष कार्यक्रम वनाइएको छु । कोभिड-१९ का कारण वन्दावन्दीले गर्दा काठमाण्डौ लगायत अन्य विभिन्न वाहिरि जिल्ला र विदेशबाट समेत नगरवासीहरु नगरपालिकामा भित्रने क्रम वढ्दो मात्रामा रहेको हुँदा उनिहरुको रोजगार सुनिश्चितताका लागि कृषि तथा पशु कार्यक्रमलाई रोजगार सँग समावेश गरि कृषि र पशु कार्यक्रमलाई थप व्यवस्थित वनाई कार्यान्वयनमा लैजाने खालका कार्यक्रम समावेश गरेको छु । संघीय सरकार,प्रदेश सरकार र हाम्रो नगरपालिकाको लागत साझेदारीमा कृषि तथा पशुका कार्यक्रमहरु समावेश गरी कार्यक्रमलाई प्रभावकारी वनाइ कार्यान्वयनमा लैजानी नीति अख्तियारी लिइएको छु । लोपन्मुख पशुपालन तर्फ चौरी गाई संरक्षणका लागि संघ,प्रदेश र नगरपालिकाको लागत साझेदारीमा चौरी संरक्षणका कार्यक्रमलाई अगाडी वढाउने छु ।
वन्दावन्दीका विच पनि नगरपालिका भित्र पहिलेका क्रमागत योजनाहरु सम्पन्न गर्ने गराउने र केहि थप पूर्वाधार निर्माण कार्यक्रमलाई अगाडी वढाउने कार्य नीति अगाडी वढाई सोहि वमोजिम कार्यक्रम वनाइएको छु । हामीले गत वर्षहरुमा ३ वटा वडा कार्यालय भवन वनाउने भनि गरेको प्रस्तावमा केहि प्राविधिक समस्यका कारण २ स्थान वडा नं.१ र २ मा मात्र वडा कार्यालय भवन निर्माण गरेका छौं भने आगामी आ.व.०७७।०७८ मा पनि २ वटा वडा कार्यालय भवन वनाउने भनि प्रस्ताव गरेको छु ।

**उपस्थित नगरसभा सदस्यज्यूहरु,**
**म नगरपालिकाले लिने आ.व.०७७।०७८ को मुख्य नीति तथा कार्यक्रमहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**
**तपशिलः-**
**आ.०७७।०७८ को लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु**

| विषय शीर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| **१.कृषि तथा पशुपालन** | ➢ **नगरपालिकाको क्षेत्र भित्रका व्यवसायिक तरकारी एवं फलफुल खेती र व्यवसायिक पशुपालन कार्य गर्ने कृषकहरुलाई प्रोत्साहन र सहयोग गर्ने ।** |

| | |
|---|---|
| | ➢ फलफुल तथा तरकारी उत्पादन क्षेत्रको पकेट क्षेत्र निर्धारण गरि सो क्षेत्रको घोषणा गरिनेछ ।<br>➢ अर्गानिक पकेट पहिचान गरि सो क्षेत्रलाई संरक्षण गरिनेछ ।<br>➢ चौरी गाई पालन,भेडा तथा बाख्रा,गाई,भैंसी,कुखुरा,वंगुर पालनलाई विशेष जोड दिई जसको लागि संघ,प्रदेश सरकारसँगको लागत साझेदारमा अनुदान कार्यक्रमलाई समेत संलग्न गराइनेछ ।<br>➢ माटो परिक्षण गरि ठाउँ सुहाउँदो फलफुल खेतीको विकास,वेमौसमी तरकारी खेती गर्ने किसान लाई साना सिँचाई र थोपा सिँचाई तथा प्लाष्टिक पोखरी निर्माणको कार्यक्रमलाई प्राथामिकता दिइनेछ ।<br>➢ जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ ।<br>➢ लोकल कुखुरा पालन तथा संरक्षण गर्ने कृषक तथा फर्महरुलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>➢ कृषिजन्य र पशुजन्य व्यवसायको प्रवर्द्धन गरि बजारीकरणमा सहयोग गरिनेछ ।<br>➢ साना सिंचाई आयोजनाहरुमा लागत साझेदारीमा ७० प्रतिशत सम्म अनुदान दिने व्यवस्था गरिनेछ ।<br>➢ दुध,फुल र मासु उत्पादनमा आत्म निर्भर गराउन एक नीति वनाई अनुदान कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ पशु अस्पतालको सम्भाब्यता अध्ययन गरि केन्द्र तथा प्रदेश सरकारको सहयोगमा स्थापना गर्न पहल गरिनेछ ।<br>➢ भेंडा र चौरीलाई संरक्षणको लागि छुट्टै र विशेष कार्यक्रमहरु संचालन गरी अनुदान उपलव्ध गराईने छ ।<br>➢ प्रत्येक वडाहरुमा कृषि संकलन केन्द्र स्थापना र नगरपालिका स्तरीय संकलन केन्द्र भवन निर्माण र कोल्ड च्याम्वरको व्यवस्थापन गरिने छ । उत्पादनमा आधारित अनुदान र कृषकलाई सामाजिक सुरक्षाको व्यवस्थाको लागि आवश्यक पहलकदमी गरिने छ ।<br>➢ बानपा-१,६,७ र ८का माथिल्लो भेगहरुमा आलु तथा मुला पकेट क्षेत्रको रुपमा विकास गरिने छ । |
| २.शिक्षा | ➢ शिक्षाले समग्र समाजलाई मार्गदर्शन गर्ने भएको हुँदा समय सान्दर्भिक शैक्षिक विकास गर्न आवश्यक रहन्छ । शैक्षिक विकासको उत्तरदायि र आधिकारिक संस्था विद्यालय,क्याम्पसहरु नै हुन । यस बाह्रविसे नगरपालिका उक्त संस्थाको संस्थागत क्षमता विकास गर्न नगर स्थापना देखिनै लागि परेको कुरा अनुरोध गर्न चाहन्छु ।<br>➢ कोभिड-१९ को संक्रमण लगाएतका अन्य विपद जन्य जोखिमका कारण बाह्रविसे नगरपालिकाले परिस्थिती अनुकुल शैक्षिक सत्र २०७६ को नगर स्तरीय वार्षिक परीक्षा केन्द्रिय निर्देशन अनुरुप व्यवस्थापन गरे पश्चात विश्वव्यापि संकट सँगै विद्यालयहरु चैत्र ६ गते बाट वन्दावन्दीको अवस्था |

| | |
|---|---|
| | रहेकोमा आषाढ महिनाबाट प्रशासनिक रुपमा विद्यालय खुले पनि बालवालिकाले नियमित रुपमा विद्यालयमा उपस्थित भई पठन-पाठनमा सरिक हुन कठिनाइ हुन पुगेको छ । यस वीचमा विद्यालयको वार्षिक परीक्षाको नतिजा प्रकाशन विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक उपलव्ध गराउने जस्ता आधारभूत कार्य व्यवस्थापन भइसकेको छ ।<br>➢ नगर शिक्षा समितिको वैठक, विद्यालयका प्र.अ.हरुसँगको वैठक सम्पन्न गरी शैक्षिक क्षति न्यूनिकरण र शैक्षिक वर्षको व्यवस्थापनका सन्दर्भमा निर्देशन भएका छन । सिक्ने र सिकाउने प्रक्रिया अवरुद्ध नहुन भन्ने तर्फ नगर सचेत रहेको छ । सूचना प्रविधिको उच्चतम प्रयोग भइरहेको वर्तमान परिवेशमा रेडियो,टेलिभिजन,अनलाइन,भर्चुअल वा यस्तै अन्य विधिबाट उपलव्ध भए सम्म घरमै रही अध्ययन गर्न विद्यार्थीलाई अभिप्रेरित गरिएको छ । अभिभावक तथा अग्रजको सहयोगमा वालवालिकालाई पाठ्यक्रम सम्वद्ध विषयका साथै जीवन उपयोगी व्यवहारिक सिप सिक्न अभिप्रेरित गर्न हार्दिकता पूर्वक अनुरोध गरिन्छ । यसमा शिक्षकहरु सहयोगी हुनेछन। परिस्थिती सहज हुनासाथ विद्यालयको गतिविधि साविक वमोजिम सञ्चालन गर्ने कुरा राख्दै आगामी वर्षका मूलभूत शैक्षिक कार्यक्रमहरु वुँदागत रुपमा राख्न चाहन्छु ।<br>१.विद्यालयमा वालमैत्री सिकाइ प्रक्रियालाई अझै व्यवस्थित गरिनेछ ।<br>२.प्रत्येक वडामा कम्तिमा १ वटा विद्यालय पर्ने गरी १३ वटा विद्यालयमा मन्टेश्वरी प्रणालीबाट प्रारम्भीक तहको सिकाई व्यवस्थापन गरिनेछ ।<br>३.विद्यालय तथा कक्षा कोठामा प्रविधि मैत्री शिक्षण सिकाईलाई प्रवर्द्धन गरिनेछ ।<br>४.विद्यालयमा शैक्षिक सामग्री,ल्याव लाइव्रेरी व्यवस्थापनलाई क्रमश विस्तार गरिनेछ ।<br>५.विद्यालयको भौतिक सविधा विस्तारका कार्यलाई निरन्तरता दिइनेछ ।<br>६.संघीय तथा प्रदेश सरकारको समन्वयमा विद्यालयमा दिवा खाजा,विद्यालय नर्स कार्यक्रम,छात्राहरुलाई सेनिटरी प्याड व्यवस्थापनका कार्यलाई थप प्रभावकारी वनाइनेछ ।<br>७.विद्यालयहरुमा हुन सकिने आकस्मिक विपदहरुको आवश्यक व्यवस्थापन गरिनेछ ।<br>८.विद्यालयहरुमा पाठ्यक्रममा आधारित भै पठन-पाठन सञ्चालन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी व्यवस्थान गरिनेछ ।<br>९.बाल शिक्षा सहयोगी शिक्षक तथा विद्यालय कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ । |
| ३.स्वास्थ्य | ➢ कोभिड-१९ को महामारी नियन्त्रण तथा रोकथामको लागि विशेष सतर्कता अपनाई,आवश्यक पूर्वाधार तथा औषधीजन्य सामग्रीहरुको व्यवस्थापनलाई प्राथामिकतामा राखेको छ । नगरपालिकाले स्रोत परिचालन गरि छुट्टै कोषको व्यवस्था गरि सरकारी र नीजि क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा गरि खर्च गर्ने व्यवस्था मिलाइएको छ,भने वन्दावन्दीको समयमा स्वास्थ्य शाखाको समन्वयमा आवश्यक औषधीहरु,खाद्य वस्तु लगाएत अन्य |

| | |
|---|---|
| | अत्यावश्यक सामग्रीहरुको सहज आपूर्तिको व्यवस्था मिलाइएको छ।<br>➢ हाललाई क्षेत्रिय स्तरको क्वारेन्टाइन, र नगपालिका आफैले अरनिको कलेजलाई क्वारेन्टाइनको रुपमा विकास गरि आवश्यक व्यवस्थापनका कार्यहरु सकिसकेको छ।<br>➢ विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि प्रदान गर्दै आइरहेको आर्थिक सहयतालाई निरन्तरता दिइने छ।<br>➢ प्राथामिक स्वास्थ्य केन्द्र नेपाल सरकारवाट १५ सैयाको अस्पतालमा अपग्रेड भएको हुँदा सो अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापनमा जोड दिइने छ।<br>➢ सामुदायिक स्वास्थ्य ईकाइ तथा स्वास्थ्य चौकी नभएका वडाहरुमा स्थापनाको लागि आवश्यक पहल कदमि चालिने छ।<br>➢ गाउँघर क्लिनिक सञ्चालनमा ल्याउने छ।<br>➢ गर्भवती महिलाको नियमित जाँचका लागि विशेष प्याकेज तथा घरमा प्रसुती शुन्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।<br>➢ नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य सेवाको सुविधाको पहुँच बाहिर रहेको नागकिहरुको लागि स्वास्थ्य कर्मीहरुलाई घरघरमै गई औषधीको व्यवस्था तथा उपचारको व्यवस्था गरिएको छ सो कार्यलाई निरन्तरता दिईने छ।<br>➢ महिला स्वंसेवीकाहरुको लागि प्रोत्साहन भत्ता सहित स्वयंसेविका दिवसका दिन पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ।<br>➢ नेपाल सरकारले उच्च महत्वका साथ कार्यान्वयनमा ल्याइएको स्वास्थ्य विमा कार्यक्रमलाई कार्यान्वियमा ल्याउन सहयोग गरिने छ।<br>➢ ६० वर्ष पुरा भएका तथा अन्य कारण ले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिनेछ।<br>➢ समयानुकुल आइपर्ने रोगहरुको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ। महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाइ लागू गरिनेछ।<br>➢ नगरपालिका भित्रका सम्पूर्ण बच्चाहरुले नेपाल सरकारबाट निःशुल्क उपलव्ध गराउने सम्पूर्ण खोप पाएको सुनिश्चितता गरि पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ।<br>➢ नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट उत्कृष्ट स्वास्थ्यकर्मीलाई सम्मान कार्यक्रम गरि स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राखिनेछ। |
| ४.पूर्वाधार विकास | ➢ नगरपालिकाको मुख्य सडक कोरिडोरका रुपमा विकास गरी आवश्यक मर्मत सम्भार मार्फत वर्षैभरी सञ्चालन गरिनेछ। नगरपालिका भित्रका अन्य सडक सञ्जाललाई यिनै मुख्य सडकसँग जोडिनेछ।<br>➢ बालमैत्री,अपाङ्ग मैत्री तथा बातावरण मैत्री पूर्वाधारहरु निर्माणमा प्रोत्साहन गरिनेछ।<br>➢ नगरपालिकाका रणनीतिक महत्वका सबै सडक योजनाहरुको विस्तृत |

| | |
|---|---|
| | परियोजना निर्माण(डीपीआर) गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ ।<br>➢ प्रत्येक वडाहरुमा १ वटा सामुदायिक भवन निर्माण गरिनेछ ।<br>➢ हरेक वडाहरुको सार्वजनिक स्थानहरुमा आगामी २ वर्ष भित्र सौय बत्ती जडान गरिनेछ ।<br>➢ नगरपालिका भित्रका आवश्यक स्थानको पहिचान गरि झोलुङ्गे पुलको निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>➢ भयोली कुण्ड,ठिङसा-कालिन्चोक,घुडे,ओमपार्क जस्ता पर्यटकिय क्षेत्रहरु जोडिने सडक निर्माण तथा स्तरोन्नती गरिनेछ ।<br>➢ एकिकृत वस्ती विकासलाई प्रोत्साहन दिने नीति लिईनेछ । एकिकृत वस्ती विकासका लागि पूर्वाधारहरुमा  सडक, खानेपानी, विद्युतको क्षेत्रमा प्राथमिकता दिई पूर्वाधार विकास गरिनेछ<br>➢ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पूर्वाधार निर्माण लगायत अन्य क्षेत्रमा परिचालन गरिनेछ ।<br>➢ बेरोजगारको सूचिमा दर्ता भएका व्यक्तिहरु मध्येबाट प्राथमिकताको आधारमा छनौट गरि नगर भित्रका विकास निर्माणका आयोजनामा काम गर्न लगाउनेछ<br>➢ नगरपालिका वा वडाबाट संचालित जुनसुकै आयोजनाहरुमा आवश्यक पर्ने दक्ष वा अदक्ष श्रमिकहरु बेरोजगार सूचिमा दर्ता भएकाहरुलाई लगाइनेछ ।<br>➢ नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा रहेको निर्देशन समितिले स्थानिय रोगगारको पहिचान गरि आफ्नो पालिकामा रहेको रोजगारदाता सँग सम्झौता गरि बेरोजगार सूचिमा दर्ता भएकाहरुलाई विशेष प्राथमिकताका साथ रोजगारीको अवसर प्रदान गरिनेछ ।<br>➢ नगर चक्रपथ निर्माण,उपयुक्त स्थानको खोजी गरी नगरस्तरीय गुम्बा तथा बुद्ध पार्क निर्माण गरिनेछ । |
| ५.खानेपानी तथा सरसफाई र सिँचाई | ➢ यस अघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पुराना धारा र ट्याङ्कीहरुको मर्मत संभारको व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ ।<br>➢ एकघर एक धारा  प्रति धारा मिटर जडानको  नीति अवलम्वन गरिनेछ ।<br>➢ प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानहरुमा डस्टबिनको व्यवस्था गरिनेछ ।<br>➢ सिँचाई योग्य जमिनहरुको लागि आवश्यक अध्ययन गरि सिँचाई व्यवस्थापन गर्ने नीति तथा कार्यान्वनमा जोड दिइनेछ ।<br>➢ भुकम्प तथा पहिरोबाट क्षति ग्रस्त भएका खानेपानीको मुहान तथा वितरण लाईनहरुको पुननिर्माण तर्फ प्राथमिकताका साथ अगाडी बढाइनेछ । |
| ६.युवा तथा खेलकुद | ➢ खेलकुदको विकास,विस्तार गर्न पालिका स्तरीय खेलकुद परिषद स्थापना गरिनेछ ।<br>➢ नगरपालिका भित्रका खेलाडीहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी |

| | |
|---|---|
| | भै विजेताहुनेहरुलाई विशेष सम्मान गरिँदै आएकोमा सो कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ नगरस्तरीय मेयर कपको आयोजना गरिनेछ ।<br>➢ सम्भाव्यता हेरी नगरपालिका स्तरीय १ र प्रत्येक वडाहरुमा १/१ वटा खेल मैदान निर्माण गरिने छ ।<br>➢ युवाहरुलाई स्वरोजगार युक्त वनाउनको लागि विभिन्न भाषा प्रशिक्षण तथा सिप आर्जन कार्यक्रम सञ्चालन गरिनेछ । |
| ७.संस्कृति तथा पर्यटन | ➢ नगरपालिका भित्रका पर्यटकिय सम्भावना वोकेका स्थानहरुको पहिचान तथा गुरु योजना तयार गरि सो क्षेत्रहरुको विकास गर्ने नीति लिइने छ ।<br>➢ भयौली कुण्ड,घुडे बुद्धपार्क निर्माण तथा होमस्टेको व्यवस्थापन,चुल्ठी,ठिङसाङ,खाग्रे गुफा,गोम्वुलुङ जस्ता क्षेत्रहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न एकिकृत पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ टुङटुङ खोला,सुँगुरे तथा घुडे क्षेत्रमा रक क्लाइम्वीङ तथा क्यानोनिङ क्षेत्र विकासको लागि संभाव्यता अध्ययन गरी कार्यक्रम अगाडी वढाइनेछ ।<br>➢ क्षमादेवी मन्दिर,कफेश्वर महादेव मन्दिर, ओमपार्क व्यवस्थापन बौद्ध उद्यान, खडादेवी मन्दिर,गोल्मास्थान मन्दिर,सिद्धाथान महादेव मन्दिर, जस्ता क्षेत्रहरुलाई साँस्कृतिक पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>➢ नगरस्तरीय बहुआयामिक साँस्कृतिक संग्रहालय तथा पार्क निर्माण गरिनेछ ।<br>➢ नगरभित्रका सम्भावित विश्रामस्थल, चमेना गृह, शौचालय, पोर्टर सेल्टर, पर्यटक संरचना केन्द्र आदिमा पहुंच हुने गरी नगरपालिकाले निजीक्षेत्रसंग सहकार्य गरि पर्यटन पदमार्ग लगायत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनको पहल गरिनेछ ।<br>➢ प्रदेश सँगको समन्यवमा सुनकोशी वनमा पार्क निर्माण कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ पर्यटन क्षेत्रको विकासका लागि पर्यटन सम्वन्धि तालिम,सेमिनार संचालन तथा ग्रामिण पर्यटन पूर्वाधारलाई विकास गरि होम स्टे व्यवस्थापन तथा तालिम संचालन गरिनेछ ।<br>➢ पर्यटनलाई रोजगारमा जोडि रोजगारमुलक पर्यटन विकासमा जोड दिइने छ ।<br>➢ र्‍याप्टिङ संचालन गर्न सकिने संम्भाव्य स्थानहरुको खोजि गरि विकास गरिनेछ । |
| ८.वन,वातावरण तथा भू-संरक्षण | ➢ पहिरो तथा भू-क्ष्यग्रस्त क्षेत्रहरु पहिचान गरि सो क्षेत्रमा वाँस,निगालो,अम्रिसो रोपण गरिने,त्यसको संरक्षण र उपयोग गर्ने कार्यलाई प्रदेश सँगको समन्वयमा निरन्तरता दिइने छ ।<br>➢ नदी,खोल्सा कटान नियन्त्रण तथा वस्ती बचाउ कार्यक्रमलाई प्राथामिकताका साथ अगाडी वढाईनेछ ।<br>➢ प्रत्येक वडामा १ ओटा वनस्पती उद्यान निर्माणको नीति लिई कार्यान्वनमा |

| | |
|---|---|
| | जोड दिइनेछ ।<br>➢ नगरपालिका भित्रका वनमा भएका जडीवुटी उत्पादन,प्रशोधन केन्द्र स्थापनाको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।<br>➢ वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई नियन्त्रण गरनेछ । योजना वद्ध रुपमा सडक तथा पुर्वाधार बनाउदा क्षेति भएका रुख विरुवाको अनुपातमा वृक्षारोपण गर्नु पर्ने बाध्यकारी नियम लागु गरिनेछ ।<br>➢ वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानिय तहको सहमति लिइने गरी वातावरणीय प्राभाव न्यूनिकरणका कार्यहरु संचालन गर्नु पर्ने नीति अवलम्वन गरिने छ ।<br>➢ जलवायु परिवर्तनको सूचना केन्द्र निर्माण तथा व्यवस्थापन गरिनेछ । |
| ९.महिला तथा वालवालिका | ➢ नगरपालिकाबाट सञ्चालित घुम्ती सेवा मार्फत सम्वन्धित टोल वस्तीमा नै अपाङ्ग परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अपाङ्गहरुलाई सिपमुलक तालिमको व्यवस्था मिलाइने छ ।<br>➢ बालसंरक्षण सँग सम्वन्धित ऐन,नियम र रणनीति अनुसार बाल संरक्षण तथा सहभागीतालाई सुनिश्चितता गरिनेछ ।<br>➢ आदिवासी जनजाति र दलित समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकास तथा आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>➢ महिलाहरुलाई आयाआर्जन व्यवसायिकता तर्फ उन्मुख गराउन आवश्यक सिपमुलक तालिम र व्यवसाय संचालनको लागि महिला समुह,समिति र सहकारी संस्था मार्फत सहयोग कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ महिला हिंसा,मानव वेचविखन,देह व्यापार लगायत महिला विरुद्धको सवैखाले अपराध नियन्त्रण गर्न सामाजिक जागरणका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ महिला विरुद्ध हुने सबै प्रकारको विभेद हिंसाको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार वृद्धि गर्न महिला कानुनी परामर्श सेवा केन्द्रको स्थापना गर्न पहल गरिनेछ ।<br>➢ हिंसा,पीडित एकल महिला,बेसहारा एवं अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षण प्रवर्द्धन,सामजिक सुरक्षा,एवम पुनस्थापनाका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ बैदेशिक रोजगारमा जाने महिलाहरुको लागि सुरक्षित तरिकाको बैदेशिक रोजगारको लागि परामर्श प्रदान गरिनेछ । |
| १०.सहकारी विकास | नेपालको संविधानले अङ्गीकार गरेको सार्वजनिक-निजी सहकारीको माध्यमबाट तिव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकासको लक्ष्य प्राप्त गर्ने,सन्तुलित,सुदृढ,समावेशी र समन्यायिक अर्थतन्त्र निर्माण गर्ने,स्वच्छ,सक्षम र कर्मशील जनशक्ति उत्पादन गर्ने,प्रभावकारी रोजगारीका अवसरहरु सिर्जना गरी उर्जाशील जनशक्तिलाई नगर भित्रै टिकाउने,आर्थिक असमानता घटाउने,चुस्त प्रशासन र वित्तिय सुशासनको उपयुक्त रणनीतिका माध्यमबाट प्रभावकारी |

| | |
|---|---|
| | सुशासन कायम गर्ने अर्थतन्त्रको अधारशीला तयार गर्न स्थानीय सरकार दृढ संङ्कल्पित छ ।<br>➢ सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागितबाट लगानीको वातावरणलाई विस्तार गरी पूँजी एवं प्रविधि निर्माण गर्ने नीति लिइनेछ ।<br>➢ स्थानीय उत्पादन वृद्धि,रोजगारी सिर्जना र गरिबी न्यूनिकरण गर्न सहकारी क्षेत्रको प्रवर्धन गरिने छ । उद्देष्य र कार्यक्षेत्रको विश्लेषणका आधारमा सहकारी संस्थाहरुलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।<br>➢ सहकारी संस्थाहरुको नियमनअभिलेख व्यवस्थापन एवं एकीकृत तथ्याङ्क तयार गर्न COPOMIS लागू गरिने छ ।<br>➢ व्यक्तिगत र सामुहिक व्यवसायिक कृषि तथा पशुपालन विमाको लागि साना किसान सहकारीलाई सशक्त माध्ययमको रुपमा परिचालन गरिनेछ ।<br>➢ व्यक्तिगत र सामुहिक व्यवसायिक कृषि तथा पशुपालन विमाको लागि साना किसान सहकारीलाई सशक्त माध्यमको रुपमा परिचालन गरिनेछ ।<br>➢ स्थानीय सहकारी सम्वन्धि क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।<br>➢ सहकारी सम्वन्धि राष्ट्रिय , केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ सस्थासंग समन्वय र सहकार्य गरिनेछ । |
| **११.लघु, घरेलु तथा साना उद्योग** | **➢ परम्परागत सेवा र सो सँग सम्वन्धीत सिपको प्रर्वद्धन,संरक्षण र विकास गरि तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।**<br>**➢ राडी,पाखी,गलैचा,ढाका वुनाई छ्युर्पी हस्तकला,वाँस जन्य सामाग्रीहरुको उत्पादन तथा विक्री वितरण र संकलन केन्द्रको व्यवस्थापनमा जिल्ला घरेलु तथा साना उद्योग तथा सम्वन्धित निकाय सँग समन्वय गरि सञ्चालन गरिनेछ ।**<br>**➢ स्थानीय स्तरमा सम्भावना भएका घरेलु सामग्रीहरुको उत्पादनमा जोड दिइनेछ ।**<br>**➢ व्यवसायिक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम,यन्त्रउपकरण सहयोग को व्यवस्था मिलाईनेछ ।**<br>**➢ बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिनेछ ।** |
| **१२.राजश्व संकलन र परिचालन** | **➢ स्थानीय सरकार संचालन ऐन,२०७४ मा व्यवस्था भए वमोजिम आन्तरिक आयलाई व्यवस्थित वनाउन आवस्यक पर्ने नियम, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी लागू गरिनेछ ।**<br>**➢ आन्तरिक आयतर्फका संभाव्य क्षेत्रहरुको पहिचान गरी करका दर भन्दा दायरा फराकिलो वनाईनेछ । नगरपालिकाको राजस्वको संभाव्यता अध्ययन गरिनेछ ।**<br>**➢ बाह्रविसे नगरपालिकामा आन्तरिक आयलाई थप सशक्त वनाउन नगर** |

| | |
|---|---|
| | भित्रका वुद्धिजीवि,सर्वसाधारण नागरिकहरुबाट सल्लाह सुझाव लिई राजश्वको दायरलाई अझ फराकिलो गर्दै आन्तरिक स्रोतको व्यवस्था गरिनेछ ।<br>➢ राजश्वका प्रमुख स्रोतहरुः सम्पति कर,घरनक्सा पास तथा अभिलेख दस्तुर,व्यवसाय कर,बहाल विटौरी शुल्क,नदी जन्य पदार्थको ठेक्का,काठका मुडाहरु जस्ता शुल्कहरुलाई सहज असुली गर्ने व्यवस्था मिलाइनेछ ।<br>➢ दैवि प्रकोप,प्राकृतिक विपत्तिबाट पीडित व्यक्ति,घर परिवारलाई यस आ.व.मा सम्पति कर मिनाह दिने नीति अवलम्वन गरिने छ ।<br>➢ राजस्व संकलन सम्वन्धित व्यवस्थालाई थप मजवुद गर्दै आगामी आ.व.मा नयाँ सफ्टवेयर प्रणालि जडान गरि आन्तरिक आयको व्यवस्थापन गरिनेछ ।<br>➢ आगामी आ.व.देखि आन्तरिक आय व्यवस्थित गर्नको लागि राजश्वको कार्य योजना तयारी गरि लागु गरिनेछ । यसका लागि सवैको सहयोगलिई चौमासिक रुपमा समिक्षा समेत गर्दै नगरको आन्तरिक आय वृद्धि गर्न थप पहल गरिनेछ । |
| १३.सुशासन तथा सेवा प्रवाह | ➢ नागरिकहरुको सूचनामा पहुँच वढाउनको लागि नगरले सञ्चालन गरेको कार्यहरु तथा निर्णयहरु नगरपालिकाको आफ्नै वेवसाइट,डाटापोर्टल,मोवाइल एप्लिकेसन मार्फत सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ नगरपालिकाको बजार क्षेत्रमा शान्ती सुरक्षा कायम राख्न तथा बजार क्षेत्रमा हुने विभिन्न घटनाहरुको बारे जानकारी लिन र दिन सिसि क्यामारा जडान गर्ने कार्य भै रहेको छ, भने अन्य विभिन्न सार्वजनिक स्थलहरुमा पनि यस प्रकारको कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाह,सम्पन्न योजना तथा कार्यक्रमका सम्वन्धमा नगरपालिकामा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम आयोजना गरिनेछ ।<br>➢ नगरपालिकाबाट सञ्चालन गरिएको एकिकृत घुम्ती सेवालाई निरन्तरता दिइनेछ ।<br>➢ नगरपालिकास्तरीय तथा वडा स्तरीय ५ लाख भन्दा माथिका योजनाहरु सञ्चालन गर्दा आयोजना स्थलमा अनिवार्य होर्डिङवोर्ड राख्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>➢ जनप्रतिनिधिहरुका लागि ऐन नियम कार्यविधि र समसामयिक विषयवस्तु वारे तालिम तथा सेवा प्रवाह सम्वन्धमा कर्मचारी र पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ<br>➢ उपभोक्ता समितिका लागि योजना सम्झौता, कार्यान्वयन, अनुगमन मुल्याङ्कन, योजनाको दिगो बिकास तथा उपयोग र मर्मत सम्भारगर्ने बिषयको अभिमुखिकरण ।<br>➢ कर्मचारीहरुको लागि ऐन नियम कार्यविधि र समसामयिक विषयवस्तु वारे तालिम तथा कर्मचारीहरुका लागि असल अभ्यास भएका नगरपालिकाहरुमा अनुभव आदान प्रदान  अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ➢ जनतालाई सुशासनको प्रत्याभुति हुने गरी कार्य गर्ने कार्यलाई थप प्रभावकारी वनाउन भ्रष्टाचारलाई सुन्य सहनसीलताको नीति अख्तियारी लिनेछ । |
| १४.सरकारी तथा गैरसरकारी निकाय सँगको समन्वय | ➢ यस नगरपालिका भित्र कार्य गर्ने सम्पूर्ण संघ-संस्थाहरु नगरपालिका सँग समन्वय गरेर सम्वन्धित कार्यक्षेत्र भएका वडाहरुको वडा सिफारिस अनिवार्य रुपमा समावेश गराएर मात्र आफ्ना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अख्तियार लिइनेछ ।<br>➢ संघ-संस्थाहरुले आर्थिक वर्षको शुरुवातमा नै आफ्ना वार्षिक कार्यक्रमहरु नगरपालिकामा पेश गर्नु पर्ने छ ।<br>➢ संघ-संस्थाहरुले आफुले गरेको कार्य प्रगति विवरण चौमासिक रुपमा नगरपालिकामा वुझाउनु पर्नेछ ।<br>➢ नगरपालिका भित्र क्रियाशिल संघ-संस्थाहरु मार्फत सञ्चालित योजनाहरुलाई थप प्रभावकारी वनाउन नगरस्तरीय अनुगमन समितिबाट अनुगमनमा जोड दिइनेछ । सो अनुगमन समितिमा नगरपालिकाका पदाधिकारी,कर्मचारी,सम्वन्धित संस्थाका प्रतिनिधिहरु, गैसस महासघ,नेपाल पत्रकार महासघको प्रतिनिधि समेतलाई सहभागी गराईनेछ ।<br>➢ नगरपालिका क्षेत्र भित्र कार्यरत संस्थाहरुलाई सूचिकृत गराउने कार्यलाई निरन्तरता दिइनेछ |
| १५ न्याय सम्पादन | ➢ न्यायमा सवैको पहुँच सुनिश्चित गर्न स्थानीय न्यायिक समितिको कार्यलाई व्यवस्थित गरि वडा स्तरमा सामुदायिक मेलमिलाप कर्ताहरुलाई सक्रिय वनाईने छ ।<br>➢ घुम्ती कानुनी सिविर सञ्चालन गरि स्थानीय जनताको घरदैलोमा कानुनी सेवा उपलव्ध गराईनेछ ।<br>➢ न्यायिक समितिका पदाधिकारीहरु,सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता विकास तालिम तथा वर्षमा १ पटक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।<br>➢ नगरपालिकामा प्राप्त हुने सवै मुद्दाहरुलाई छिटो र छरितो,छिनोफानो हुने व्यवस्था मिलाइने छ ।<br>➢ उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वनका लागि निम्न नीति, ऐन र कार्यविधिहरु तर्जुमा गरी लागु गरिनेछ ।<br>१.बाह्रविसे नगरपालिकाको शिक्षा ऐन २०७६<br>२.बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०७६<br>३.सुरक्षित आप्रवासन(सामी) कार्यक्रम सञ्चालन कार्यविधि २०७६<br>४.सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्न सेवा प्रदायक संस्था छनौट सम्वन्धी कार्यविधि २०७६<br>५.बालसंरक्षण नीति |
| १६.नगर प्रहरी | ➢ .नगरपालिकाको नीति,कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न, नगरपालिकाको सम्पत्तिको सुरक्षा गर्न, स्थानीय स्तरमा हुने सभा समारोह , परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,स्थानीय बजार तथा पार्किङ्ग |

| | |
|---|---|
| | स्थलको रेखदेख र व्यवस्थापन, नगर सरसफाई सम्वन्धि मापदण्डको कार्यान्वयन,न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन , सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण तथा सुरक्षा, विपद व्यवस्थापन सम्वन्धि खोजी उद्धार राहत तथा पुनर्स्थापना , अनधिकृत विज्ञापन तथा होडिङ्ग वोर्ड नियन्त्रण र अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण तथा सेवा सञ्चालन लगायत कार्यपालिकाले तोकेका अन्य कार्य गर्नको लागि नगर प्रहरीको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ नगर प्रहरीको गठन, सन्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी परिचालन नगरपालिकाको स्थानीय राजपत्र वमोजिम गरिनेछ । |
| १७.विपद व्यवस्थापन | ➢ वडा तथा नगर स्तरमा विपद् व्यवस्थापन योजना तयारी गरिने छ र सोको कार्यान्वयनको लागि सम्वन्धित सरोकारवाला निकायहरु सँग समन्वय गरी कार्य संचालन गर्ने नीति लिइने छ ।<br>➢ स्थानीय विपद व्यवस्थापन कोषलाई प्रभावकारी वनाउँदै सो कोषलाई निरन्तर थप गर्दै लगिनेछ ।<br>➢ नगरभित्रका जोखिम युक्त स्थानहरु पहिचान गरि सो क्षेत्रको जोखिम न्यूनिकरणका कार्य गर्ने नीति लिइनेछ ।<br>➢ स्थानीय विपद व्यवस्थापन समितिलाई आवश्यक तालिम तथा पूर्व तैयारीको व्यवस्थापनमा जोड दिइनेछ ।<br>➢ सम्भावित विपद व्यवस्थापनका लागि खोज तथा उद्धार, राहत सामाग्रिको पुर्व भण्डारण गरिने गरी आवश्यकता अनुसार परिचालन गर्ने ।<br>➢ बजार क्षेत्रमा नदीमा वाढीको प्रकोप अग्रीम जानकारी गराउने उद्देष्यले सो जानकारी गराउन साइरनको व्यवस्था गरीनेछ । |
| १८.विद्युतिकरण एवं वैकल्पिक उर्जा | ➢ नगरभित्रका स्टिल तारलाई विस्थापित गर्दै केवल तारको विस्तार गर्ने नीति लिइनेछ ।<br>➢ नगरभित्रका महत्वपूर्ण सार्वजनिक स्थलहरुमा सौर्य उर्जाको व्यवस्थापनमा नगर तथा सम्वन्धित निकायमा सिफारिस गरिनेछ ।<br>➢ विद्युत चुहावट नियन्त्रण गर्नको लागि सवै घरहरुमा अनिवार्य विद्युत मिटर जडान गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ । |
| १९.सामी परियोजना | ➢ नगरपालिका भित्रका ५ वटा माध्यामिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई पाठ्यक्रममा आधारित आन्तरिक तथा सुरक्षित बैदेशिक रोजगार सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>➢ रिटर्नी स्वयंसेवक परिचालन तथा व्यवस्थापन गरिनेछ ।<br>➢ विभिन्न सतेनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>➢ मनोसामाजिक परामर्श तथा वित्तिय साक्षरता कक्षाको उत्कृष्ठ सहभागीहरुको लागि बीऊ पुँजी सहयोग गरिनेछ । |

**सभाका सदस्यज्यूहरु,**

**सभाका सदस्यज्यूहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वनबाट बाह्रविसे नगरपालिकाको हित तथा सामाजिक,आर्थिक क्षेत्र थप गतिशील हुनेछ,पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ र नगर विकासमा योगदान पुग्नेछ भन्ने विश्वास लिइएको छु । यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिका सदैब क्रियाशील हुने विश्वास दिलाउन चाहन्छु । म संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार बाह्रविसे नगरपालिकाको ऐन,नियम वमोजिम नगरपालिका क्रियाशिल गराउन सदैव तत्पर रहेको कुरा पनि यहाँहरु समक्ष राख्न चाहन्छु ।

अन्त्यमा नगर विकासमा योगदान गर्ने सवै राजनैतिक दल,राष्ट्रसेवक,निजी,सहकारी,श्रमिक वर्ग,नागरिक समाज,आम सञ्चारजगत लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै कोभिड-१९ संक्रमणको जाखिम तथा अन्य विपद जन्य जोखिम न्यूनिकरणका लागि सावधानीका उपायहरु अवलम्वन गर्न र संक्रमण भए पनि नआतिएर उच्च मनोवलका साथ रोगप्रतिरोधात्मक क्षमता वृद्धि गरेमा रोग निको हुनेछ । संक्रमित नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै हार्दिक धन्यावाद दिन चाहन्छु ।

धन्यवाद ! नमस्कार

निमफुन्जो शेर्पा
नगर प्रमुख

**बाह्रविसे नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बाह्रविसे,सिन्धुपाल्चोक ।**

# आर्थिक वर्ष २०७७।०७८ प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट
# सातौं नगरसभा २०७७।०३।१०

संघीय गणतन्त्र नेपालको संविधानत स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम स्थानीय तहको निर्वाचन पश्चात हालको यस विषम परिस्थिति बीच आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेट प्रस्तुत गर्न उभिएको छु । कोभिड-१९ को महामारीले हालै नेपालमा उग्ररुपमा फैलिरहेको परिस्थितिका वावजुत पनि सरकारको कार्य नीतिलाई निरन्तरता दिदै कार्यक्रमहरु वनाई कार्यान्वियनमा लैजानु परेको छ । लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका अन्दोलनमा जीवन आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै कोरोनाका कारण ज्यान गुमाउनुहुने नेपाली नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै उपचारत सम्पूर्ण दिनीबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकै पटक मानवीय र आर्थिक संकटको सामना गर्नु परेको छ । स्वास्थ्य क्षेत्रमा संकटकाल उत्पन्न भएको कारण,व्यापार तथा लगानीका क्षेत्रहरु अत्यन्तै प्रभावित वनेको छ । बजेट नयाँ विषम परिस्थितिले गर्दा सिर्जना गरेको चुनौतिलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रत रहेको छ । आगामी आ.व.०७७।०७८ को बजेटमा विशेषत हालको महामारी जन्य विपद व्यवस्थापन र नगर भित्रै रोजगार प्रवर्द्धन तथा कृषि र पशुपन्छी विकास तर्फ लक्षित गरि बजेट तर्जुमा गरेको छु । बजेट तर्जुमा गर्दा विगतका आर्थिक वर्षहरुमा घोषणा गरिएका र प्रदेश तथा संघीय प्राप्त योजना तथा नीतिलाई आधार मानि नगरका विभिन्न शाखा तथा समितिहरुमा छलफल गरि उनिहरुबाट प्राप्त सुझाव समेतलाई ध्यान दिएको छु ।

चालु आर्थिक वर्षको विचतिर योजना तथा कार्यक्रमहरु सञ्चालन हुँदै गर्दा कोभिड-१९ का कारण लकडाउन तथा विभिन्न कारणहरुले गर्दा हाम्रा विकास सम्वन्धी योजना तथा कार्यक्रम र केहि नीतिगत कार्यहरुमा अवरुद्ध हुन पुग्यो । यद्यपि हामीले सरकारले घोषणा गरको लकडाउन तथा नगरपालिकाले गरेको सावधानिका साथ सामाजिक दुरी कायम गराई योजनाहरुलाई नियमित सञ्चालन गराउने कार्यहरु गरिरहेका छौं । विद्यालयलाई शिक्षा समिति तथा स्थानीय स्तरको परामर्शबाट विद्यालय विद्यार्थी संख्या तथा भौगोलिक दुर्गमतालाई अध्ययन गरि कक्षा अपग्रेड र मर्जको व्यवस्था मिलाइएका छौं । १३ वटा विद्यालयहरुमा मन्टेश्वरी कक्षा शिक्षण सिकाई कार्य थालनी गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण र शैक्षिक सामग्रीहरुको व्यवस्थापन कार्य भै सकेको छ । असहज परिस्थितिका बीच पनि नगरस्तरीय योजनाहरु सञ्चालन,विद्युत स्टीलपोल तथा केवल तारहरुको व्यवस्था मिलाइएको छ ।

**१.आ.व.०७७।०७८ को बजेटको प्राथमिकताका क्षेत्रहरु**

- कोभिड-१९ लगायत सवै प्रकारका विपद जोखिमबाट नागरिकहरुलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा स्थानीय स्तर सम्म सर्वसुलभ बनाउन स्वास्थ्यको पहुँच पूर्वाधार निर्माण तथा स्तरोन्नती
- आय आर्जनको प्रवर्द्धन गर्न कृषि,पशु,पर्यटन,लघु,घरेलु उद्योग
- चालु आ.व.०७६।०७७ मा सञ्चालित अधुरा योजनाहरु सम्पन्न गर्ने
- प्रभावकारी सेवा प्रवाह र यसबाट सेवाप्रवाह,सुशासन
- यूवा तथा खेलकुद
- लक्षित वर्ग उत्थान

**२.बजेटका उद्देष्यहरु**

- कोरोना भाइरस संक्रामण लगायत सवै प्रकारका रोग र विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाए सहज र सुरक्षित बनाई स्थानीय स्तरमा रोजगार सिर्जना गर्ने ।
- स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग र बजारीकरण गर्ने ।
- कृषि र पशुपन्छि विकास एवं कृषिमा आधुनिक प्रविधिको शुरुवात गराई कृषि र पशुपन्छि विकास गरिने,नगरको पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धनत्मक कार्यक्रमहरु सञ्चालन गरिने,घरेलु तथा साना उद्योग बाट आयको अभिवृद्धि गर्ने ।
- नगरपालिकाबाट प्रवाह हुने सेवा तथा सुशासन जनताहरुमा प्रत्यक्ष लाभ हुने तथा अपनत्व हुने गरि कार्यक्रमहरु सञ्चालन गरिनु ।
- युवाहरुलाई स्वास्थ्य तथा सामाजिक उत्तरदायि वनाउनको लागि खेलकुद वृद्धिविकास गर्ने ।
- नगरपालिका भित्रका लक्षित समुदायहरुको लागि विषेश कार्यक्रम मार्फत उनीहरुको दैनिक जीवनमा सहयोग पुऱ्याउने ।

**बजेटका उद्देष्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।**

- सवै प्रकारका स्वास्थ्य जोखिम तथा विपदबाट नगरवासी नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा स्थानीय स्तरसम्म पुऱ्याई जनतालाई प्रत्यक्ष सेवा प्राप्त गरेको महशुस हुने गरि स्वास्थ्यको दायरालाई विस्तार तथा सवै वडाका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मी तथा औषधीहरुको पर्याप्तता
- कृषि,पशु लगायतका क्षेत्रमा प्रोत्साहनको व्यवस्था ।
- शैक्षिक सुशासनका गतिविधिहरुलाई समय अनुसार वैज्ञानिक तवरले सञ्चालन गर्ने ।

**सभाध्यक्षज्यू,**

बाह्रविसे नगरपालिकाले चालु आ.व.०७६।०७७ मा सामाजिक सुरक्षा,संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने सवै प्रकारका अनुदान आन्तरिक स्रोत समेत गरि जम्मा रु. **५७७०५०३८८।-**(अक्षरुपी सन्ताउन्न करोड सत्तरी लाख पचास हजार तीनसय अठासी रुपैयाँ मात्र) प्रक्षेपण गरिएको थियो ।

बाह्रविसे नगरपालिकाले गत आ.व.०७६।०७७ मा आन्तरिक आय तर्फ रु. १ करोड आयको प्रक्षेपण गरेकोमा आ.व.०७७।०७८ को लागि रु.१ करोड १० लाखको प्रक्षेपण गरिएको छ । आ.व.०७७।०७८ मा नगरपालिकालाई संघिय सशर्त अनुदान रु.२० करोड ४८ लाख, सामानीकरण अनुदान रु.१४ करोड १० लाख, राजश्वबाँडफाँड रु.७ करोड ८० लाख ५९ हजार ६ सय सत्तरी,प्रदेश सरकारबाट सवारी साधनकर रु.२ करोड २७ लाख ३२ हजार,समानीकरण अनुदान रु १ करोड १३ लाख ४ हजार, सर्शत रु.२ करोड २४ लाख ९६ हजार,विशेष अनुदान रु.३० लाख आन्तरिक श्रोत रु.१ करोड १० लाख मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास रु.१ करोड ६ लाख,सानीमा हाईड्रो प्रभावित क्षेत्र विकास रु.३ लाख मध्यभोटेकोशी शिक्षक तलव रु.१५ लाख प्रदेश समपुरक अनुदान रु.२ करोड ९२ लाख ८० हजार गरि **जम्मा रु.५३ करोड ४९ लाख १ हजार ६ सय सत्तरी रुपैयाँ मात्र बजेट अनुमान गरि प्रक्षेपण गरी सोहि वमोजिम बजेट तथा योजनाहरु निर्माण गरेको छु । यस बजेटमा हामीले सामाजिक सुरक्षा समावेश गरेको छैन ।**

**१.**संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट प्राप्त हुने रकम बाट वडाहरुको समानुपातिक विकासका लागि रु.४ करोड ६५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

२. नगरपालिका **चालु खर्च तर्फ** संघीय सरकारबाट प्राप्त राजश्व वाँडफाँड तर्फको रु.७ करोड ८० लाख ५९ हजार ६ सय सत्तरी रुपैयाँ विनियोजन गरेको छु ।

३.क्षेत्र गत बजेट तपशिल वमोजिम रहेको व्यहोरा यहाँहरु समक्ष अनुरोध गर्न चाहन्छु ।

**<u>स्वास्थ्य तर्फ :-</u>**

- कोभिड-१९ को महामारी नियन्त्रण तथा रोकथामको लागि विशेष सतर्कता अपनाई,आवश्यक पूर्वाधार तथा औषधीजन्य सामग्रीहरुको व्यवस्थापनलाई प्राथामिकतामा राखेको छ । नगरपालिकाले स्रोत परिचालन गरि छुट्टै कोषको व्यवस्था गरि सरकारी र निजी क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा गरि खर्च गर्ने व्यवस्था मिलाइएको छ,भने वन्दावन्दीको समयमा स्वास्थ्य शाखाको समन्वयमा आवश्यक औषधीहरु,खाद्य वस्तु लगाएत अन्य अत्यावश्यक सामग्रीहरुको सहज आपूर्तिको व्यवस्था मिलाइएको छ । हाललाई क्षेत्रिय स्तरको क्वारेन्टाइन, र नगपालिका आफैले अरनिको कलेजलाई क्वारेन्टाइनको रुपमा विकास गरि आवश्यक व्यवस्थापनका कार्यहरु भैरहेको छ । तसर्थ यस प्रकारका जोखिम न्यूनिकरण तथा आवश्यक व्यवस्थापनको लागि लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्तका योजनाहरुका अतिरिक्त नगरपालिकाबाट आन्तरिक स्रोत समेत गरि रु.१ करोड रुपैयाँ विनियोजन गरेको छु ।

**२.विपद व्यवस्थापन तर्फ :-**

नगरपालिकाको भौगोलिक अवस्था तथा मौषमीका कारण हुन सकिने विभिन्न प्रकारका विपदका जोखिमहरुबाट वच्न र नगरिकहरुको सुरक्षार्थ तथा सवै खाले विपद व्यवस्थापन तर्फ संघीय सरकारबाट प्राप्त वित्तिय समानुकरण अनुदान रकम र आन्तरिक स्रोत समेत रु.१ करोड विनियोजन गरेको छु ।

**३.कृषि तथा पशुपालन तर्फ** :-

हालको कोभिड-१९ को संक्रमण जोखिमबाट नगरपालिकाका स्थानीय नागरवासीहरु मुलुक बाहिर रहेका र नेपाल भित्रै रहेका विभिन्न व्यवसाय गरि वसेका नागरिकहरु समेत आ-आफ्ना घरहरुमा फर्केको हुँदा बाँझो जमिनहरुको सदुपयोग तथा कृषि र पशुपालन तर्फ आकर्षित गराई रोजगार सृजना गर्ने उद्देष्यका साथ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने योजना तथा कार्यक्रमहरु कृषि,पशु र अन्य पूर्वाधार जन्य योजनाहरुमा लागत साझेदारी कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान र आन्तरिक स्रोत समेत गरि रु.२ करोड विनियोजन गरेको छु ।

**४.शिक्षा तर्फ :-**

शिक्षाले समग्र समाजलाई मार्गदर्शन गर्ने भएको हुँदा समय सान्दर्भिक शैक्षिक विकास गर्न आवश्यक रहन्छ । शैक्षिक विकासको उत्तरदायि र आधिकारिक संस्था विद्यालय,क्याम्पसहरु नै हुन । यस बाह्रविसे नगरपालिका उक्त संस्थाको संस्थागत क्षमता विकास गर्न नगर स्थापना देखिनै लागि परेको कुरा अनुरोध गर्न चाहन्छु ।

कोभिड-१९ को संक्रमण लगाएतका अन्य विपद जन्य जोखिमका कारण बाह्रविसे नगरपालिकाले परिस्थिती अनुकुल शैक्षिक सत्र २०७६ को नगर स्तरीय वार्षिक परीक्षा केन्द्रिय निर्देशन अनुरुप व्यवस्थापन गरे पश्चात विश्वव्यापि संकट सँगै विद्यालयहरु चैत्र ६ गते बाट वन्दावन्दीको अवस्था रहेकोमा आषाढ महिनाबाट प्रशासनिक रुपमा विद्यालय खुले पनि बालवालिकाले नियमित रुपमा विद्यालयमा उपस्थित भई पठन-पाठनमा सरिक हुन कठिनाइ हुन पुगेको छ । यस वीचमा विद्यालयको वार्षिक परीक्षाको नतिजा प्रकाशन विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक उपलव्ध गराउने जस्ता आधारभूत कार्य व्यवस्थापन भइसकेको छ । तसर्थ शिक्षा विकासको लागि केन्द्र सरकार,प्रदेश सरकारबाट प्राप्त सर्शतका योजनाहरुका अतिरित्त प्रदेश सरकारबाट रु ५० लाख र नगरपालिकाबाट रु.१ करोड गरि जम्मा रु.१ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छु ।

५. **लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनात्मक कार्यक्रम तर्फ :-**

परम्परागत सेवा र सो सँग सम्वन्धीत सिपको प्रर्वद्धन,संरक्षण र विकास गरि तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ । राडी,पाखी,गलैचा,ढाका वुनाई छ्युर्पी हस्तकला,वाँस जन्य सामाग्रीहरु,नेपाली काजगको उत्पादन तथा विक्री वितरण र संकलन केन्द्रको व्यवस्थापनमा जिल्ला घरेलु तथा साना उद्योग तथा सम्वन्धित निकाय सँग समन्वय गरि सञ्चालन गरिनेछ । तसर्थ घरेलु तथा साना उद्योगहरुबाट स्थानीय स्तरमा रोजगार सृजना गर्ने उद्देष्यले संघीय सरकारबाट प्राप्त वित्तिय सामानिकरण अनुदान तथा आन्तरिक स्रोत समेत गरी जम्मा रु.५० लाख विनियोजन गरिएको छु ।

## ६. महिला तथा वालवालिका कार्यक्रम तर्फ :-

लक्षित वर्गका मानिसहरुको जीवन स्तरमा वृद्धि तथा जनचेतना जगाउने र उनिहरुमा सिप प्रदान गरी आत्म निर्भर गराउने कार्यक्रमहरु सिर्जना गर्ने नगरको उद्देष्य रहेको छ । तसर्थ सो उद्देष्यहरु परिपूर्तिका लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त तर्फका अनुदान रकम अतिरित्त नगरपालिकाबाट वित्तय समानिकरण अनुदान र नगरपालिकाको आन्तरिक स्रोत समेत गरि लक्षित वर्ग तर्फ रु.३५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

## ७.संस्कृति तथा पर्यटन,युवा तथा खेलकुद तर्फः-

नगरपालिका भित्रका संभाव्य पर्यटकिय क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रहरुको पूर्वाधार निर्माणका लागि गुरुयोजनाहरु निर्माण गरिनेछ । युवाहरुको लागि स्वास्थ्य खेलकुदको विकास वृद्धिका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी जनस्तरमा पुऱ्याउनका लागि संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान तर्फ प्राप्त रकम र आन्तरिक स्रोत समेत गरि रु.२५ लाख विनियोजन गरेको छु ।

## ८.राजश्व संकलन र परिचालन

बाह्रविसे नगरपालिकाको आन्तरिक आय लाई वृद्धि गर्न सम्भावित करका क्षेत्रहरु र दायरालाई फराकिलो वनाई आन्तरिक स्रोत वृद्धि तर्फ करका क्षेत्रहरुको खोजि गरिनेछ । यसका लागि नगरपालिकाले छुट्टै कार्यविधि वनाई कार्यान्वयनमा लागिने छ । यस बाट विगतका वर्षहरुमा संकलित राजश्वमा चालु आ.व तथा आगामी आ.व.मा समेत हाल प्राप्त भैरहेको राजश्वमा थप वृद्धि हुने लक्ष्य लिइको छ । आन्तरिक आयतर्फका संभाव्य क्षेत्रहरुको पहिचान गरी करका दर भन्दा दायरा फराकिलो वनाईनेछ । नगरपालिकाको राजस्वको संभाव्यता अध्ययन गरिनेछ ।बाह्रविसे नगरपालिकामा आन्तरिक आयलाई थप सशक्त वनाउन नगर भित्रका वुद्धिजीवि,सर्वसाधारण नागरिकहरुबाट सल्लाह सुझाव लिई राजश्वको दायरलाई अझ फराकिलो गर्दै आन्तरिक स्रोतको व्यवस्था गरिनेछ । उल्लेखित कार्यहरु गर्न र राजश्व वृद्धि तथा  संकलित आयलाई इलेक्ट्रोनिक प्रविधिको माध्यमबाट राजश्व दाखिला गर्न नयाँ सफ्टेवर २०७७ साउन महिना देखि जडान गरिने छ । यसका लागि रु.५ लाख विनियोजित गरेको छु ।

## ९.सहकारी विकास

नेपालको संविधानले अङ्गीकार गरेको सार्वजनिक-निजी सहकारीको माध्यमबाट तिव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकासको लक्ष्य प्राप्त गर्ने,सन्तुलित,सुदृढ,समावेशी र समन्यायिक अर्थतन्त्र निर्माण गर्ने,स्वच्छ,सक्षम र कर्मशील जनशक्ति उत्पादन गर्ने,प्रभावकारी रोजगारीका अवसरहरु सिर्जना गरी उर्जाशील जनशक्तिलाई नगर भित्रै टिकाउने,आर्थिक असमानता घटाउने,चुस्त प्रशासन र वित्तिय सुशासनको उपयुक्त रणनीतिका माध्यमबाट प्रभावकारी सुशासन कायम गर्ने अर्थतन्त्रको अधारशीला तयार गर्न स्थानीय सरकार दृढ संङ्कल्पित छ । तसर्थ सहकारी विकास सँग सम्वन्धी कार्यहरु

गर्नका लागि नगरपालिकाले संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदानबाट रु.५ लाख विनियोजन गरेको छु ।

**१०.सुशासन तथा सेवा प्रवाह तर्फ :-**

नागरिकहरुको सूचनामा पहुँच वढाउनको लागि नगरले सञ्चालन गरेको कार्यहरु तथा निर्णयहरु नगरपालिकाको आफ्नै वेवसाइट,डाटापोर्टल,मोवाइल एप्लिकेसन मार्फत सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिकाको बजार क्षेत्रमा शान्ती सुरक्षा कायम राख्न तथा बजार क्षेत्रमा हुने विभिन्न घटनाहरुको बारे जानकारी लिन र दिन सिसि क्यामारा जडान गर्ने कार्य भै रहेको छ, भने अन्य विभिन्न सार्वजनिक स्थलहरुमा पनि यस प्रकारको कार्यलाई निरन्तरता दिइने छ । सुशासन तर्फ रु.२० लाख विनियोजन गरेको छु ।

**११. न्याय सम्पादन तर्फः-**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए वमोजिम न्यायिक समितिबाट कार्य गर्ने व्यवस्था राखिएको छ । तसर्थ न्यायमा सवैको पहुँच सुनिश्चित गर्न स्थानीय न्यायिक समितिको कार्यलाई व्यवस्थित गरि वडा स्तरमा सामुदायिक मेलमिलाप कर्ताहरुलाई सक्रिय वनाईने छ । घुम्ती कानुनी सिविर सञ्चालन गरि स्थानीय जनताको घरदैलोमा कानुनी सेवा उपलव्ध गराईनेछ । नगरपालिकामा प्राप्त हुने सवै उजुरीहरुलाई छिटो र छरितो,छिनोफानो हुने व्यवस्था मिलाइने छ । नगरपालिकामा न्यायिक गतिविधिहरु सञ्चालन गर्न र स्थानीय स्तरमा न्यायको सहज पहुँच पुऱ्याउने कार्यक्रमहरु सञ्चालनको लागि रु.१० लाख विनियोजन गरेको छु ।

**१२.सरकारी तथा गैरसरकारी निकाय सँगको समन्वय**

- यस नगरपालिका भित्र कार्य गर्ने सम्पूर्ण संघ-संस्थाहरु नगरपालिका सँग समन्वय गरेर सम्वन्धित कार्यक्षेत्र भएका वडाहरुको वडा सिफारिस अनिवार्य रुपमा समावेश गराएर मात्र आफ्ना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अख्तियार लिइनेछ ।
- संघ-संस्थाहरुले आर्थिक वर्षको शुरुवातमा नै आफ्ना वार्षिक कार्यक्रमहरु नगरपालिकामा पेश गर्नु पर्ने छ ।
- संघ-संस्थाहरुले आफुले गरेको कार्य प्रगति विवरण चौमासिक रुपमा नगरपालिकामा वुझाउनु पर्नेछ ।
- नगरपालिका भित्र कियाशिल संघ-संस्थाहरु मार्फत सञ्चालित योजनाहरुलाई थप प्रभावकारी वनाउन नगरस्तरीय अनुगमन समितिबाट अनुगमनमा जोड दिइनेछ । सो अनुगमन समितिमा नगरपालिकाका पदाधिकारी,कर्मचारी,सम्वन्धित संस्थाका प्रतिनिधिहरु, गैसस महासघ,नेपाल पत्रकार महासघको प्रतिनिधि समेतलाई सहभागी गराईनेछ ।
- नगरपालिका क्षेत्र भित्र कार्यरत संस्थाहरुलाई सूचिकृत गराउने कार्यलाई निरन्तरता दिइनेछ

उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नको लागि नगरपालिकाको सामाजिक विकास शाखा सँग समन्यवय गरेर कार्यक्रमहरु अगाडी वढाइनेछ ।

## १३.पूर्वाधार निर्माण तर्फ

चालु आ.व.०७६।०७७ मा सञ्चालित अधुरा योजनाहरुको कामहरु सम्पन्न गर्ने र केही नयाँ प्रकृतिका योजनाहरु निर्माण गरि सञ्चालन गर्ने नीति लिए वमोजिम आगामी आ.व.मा नगरस्तरीय योजना तथा पूर्वाधार निर्माणका कार्यहरु गर्ने नगरपालिकाले लक्ष्य लिइएको छ । तसर्थ नगरपालिकाको चालु आ.व०७६।०७७ का अधुरा योजनाहरु,केही नयाँ थप योजनाहरु,संघ तथा प्रदेशबाट प्राप्त सशर्त तर्फका प्राप्त योजनाहरु र आन्तरिक स्रोत समेतलाई आधारमानि पूर्वाधार विकासका कार्यक्रमहरु अगाडी वढाउने लक्ष्य लिइएको छु ।

**बाह्रविसे नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बाह्रविसे,सिन्धुपाल्चोक ।**

## राजश्व तथा अनुदान प्राप्तिको अनुमान

## तपशिल

आ.व.२०७७।०७८ को आय/व्ययको विवरण

| आय | रकम रू. | व्यय | रकम रू. |
|---|---|---|---|
| संघयि सरकार | | | |
| सशर्त | २०४८०००००।०० | राजश्व बाँडफाँड | ७८०५९६७०।०० |
| समानीकरण अनुदान | १४१००००००।०० | सशर्त अनुदान | २०४८०००००।०० |
| राजश्व बाँडफाँड | ७८०५९६७०।०० | प्र.सशर्त अनुदान | २२४९६०००।०० |
| प्रदेश सरकार | | विशेष अनुदान | ३००००००।०० |
| सवारी सधानकर | २२७३२०००।०० | प्र.समपुरक अनुदान | २९२८००००।०० |
| समानीकरण अनुदान | १०१३४०००।०० | मध्यभोटेकोशी प्र. | १०६००००००।०० |
| सशर्त | २२४९६०००।०० | मध्यभोटेकाशी शिक्षक | १५००००००।०० |
| विशेष अनुदान | ३००००००।०० | सानिमा हाइड्रो पावर | ३०००००।०० |
| आन्तरिक श्रोत | ११००००००।०० | बजेट तथा कार्यक्रम | १८४८६६०००।०० |
| मध्येभोटेकोशी प्र. | १०६००००००।०० | **जम्मा** | **५३४९०१६७०।००** |
| सानीमा हाइड्रो | ३०००००।०० | | |
| मध्यभोटेकोशी शिक्षक तलव | १५००००००।०० | | |
| प्र समपुर अनुदान | २९२८००००।०० | | |
| **जम्मा** | **५३४९०१६७०।००** | | |

नोटः- राजश्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहको राजश्व शिर्षकहरु नतोकिए सम्म यसै वमोजिम गर्ने ।

यस बजेटमा सामाजिक सुरक्षा भत्ता र सडक वोर्ड नेपालबाट प्राप्त योजना तथा अन्य निकायहरुबाट प्राप्त हुने रकमहरु उल्लेख गरिएको छैन सो रकमहरु पछि रातो किताबमा प्रकासित गरिने छ ।

**बाह्रविसे नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बाह्रविसे,सिन्धुपाल्चोक ।**

## आ.व.०७७।०७८ को चालु तर्फको स्वीकत बजेट

## तपशिल

आर्थिक वर्ष २०७७।०७८ को व्यय विवरण

| क्र.स. | खर्च शिर्षक | खर्च संकेत नं. | जम्मा रकम |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | २५०००००००।०० |
| २ | पोशाक | २११२१ | ५०००००।०० |
| ३ | स्थानीय भत्ता | २११३१ | १५०००००।०० |
| ४ | महंगि भत्ता | २१११३ | ५०००००।०० |
| ५ | कर्मचारी वैठक भत्ता | २११३४ | ३०००००।०० |
| ६ | कर्मचारी प्रोत्साह तथा पुरस्कार | २११३५ | २५०००००।०० |
| ७ | पदाधिकारी बैठक भत्ता | २११४१ | ५०००००।०० |
| ८ | पदाधिकारी अन्य सुविधा | २११४२ | १००००००००।०० |
| ९ | पदाधिकारी अन्य भक्ता | २११४९ | ५०००००।०० |
| १० | सामाजिक सुरक्षा कोष खर्च | २१२११ | ५०००००।०० |
| ११ | कर्मचारी कल्याण कोष | २१२१४ | १००००००।०० |
| १२ | अन्य सामाजिक सुरक्षा कोष खर्च | २१२१९ | ५०००००।०० |
| १३ | पदाधिकारीको अन्य सामाजिक सुरक्षा | २१२२९ | ५०००००।०० |
| १४ | पानी तथा विजुली | २२१११ | १००००००।०० |
| १५ | संचार महसुल | २२११२ | १००००००।०० |
| १६ | इन्धन पदाधिकारी | २२२११ | ७०००००।०० |
| १७ | इनधन कार्यालाय प्रयोजन | २२२१२ | २००००००।०० |
| १८ | सवारी सधान मर्मत खर्च | २२२१३ | ३५०००००।०० |
| १९ | विमा तथा नविकरण खर्च | २२२१४ | ५०००००।०० |
| २० | मेशिनरी तथा आजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | १००००००।०० |
| २१ | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | ५००००००।०० |
| २२ | पुस्तक तथा सामग्री खर्च | २२३१३ | १०००००।०० |
| २३ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | २२३१५ | ३५०००००।०० |
| २४ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | १००००००।०० |
| २५ | सेवा र परामर्श खर्च | २२४११ | १००००००।०० |
| २६ | कर्मचारी तालिम खर्च | २२५११ | १००००००।०० |
| २७ | विविध कार्यक्रम खर्च | २२५२९ | ८०९६७०।०० |
| २८ | अनुगमन मूल्याङ्कन खर्च | २२६११ | १००००००।०० |

| | | | |
|---|---|---|---|
| २९ | भ्रमण खर्च | २२६१२ | २५०००००।०० |
| ३० | विविध खर्च | २२७११ | ५००००००।०० |
| ३१ | कम्पुटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ३११३२ | १००००००।०० |
| ३२ | सभा सञ्चालन खर्च | २२७२१ | ५०००००।०० |
| ३३ | घर भाडा | २८१४२ | १५०००००।०० |
| ३४ | अन्य भाडा | २८१४९ | २००००००।०० |
| ३५ | जम्मा | | ७८०५९६७०।०० |

सभाका माननीय सभाध्यक्षज्यू,

बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुन नगर प्रमुखज्यू,प्रमुख प्रशासकीय अधिृतज्यू,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु,नगरपालिकाका विभिन्न शाखा सम्वद्ध कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधिहरु,सवैमा हार्दिक अभार व्यक्त गर्दै,बजेटको सफल कार्यान्वयनमा सवैको सहयोगको अपेक्षा गरिएकोछु ।

अन्त्यमा नगरपालिका भित्र र बाहिर वस्नु हुने सवै नगरवासीहरुलाई कोभिड-१९ जन्य जोखिमबाट सुरक्षित रहँदै सावधानिका उपयाहरु अपनाउनु हुन नगरपालिकाको विकासमा सदैव सहयोग गर्नु हुन सवैमा आवह्न गरिन्छ ।

धन्यवाद !

सुशीला पाखीन
उपप्रमुख